


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४२ | अंक ५ | नेपाल राष्ट्र बैंक समाचार | माघ २०७४ | जनवरी-फेब्रुअरी २०१८

## गभर्नर डा. नेपालद्वारा वीरगञ्ज र जनकपुर कार्यालयको स्थलगत अवलोकन



गभर्नर डा. चिरंजीबि नेपालले पुस २० गते नेपाल राष्ट्र बैंक वीरगञ्ज कार्यालयको र पुस २१ गते जनकपुर कार्यालयको स्थलगत अवलोकन गर्नुभयो । वीरगञ्ज कार्यालयका कर्मचारीहरुलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले देशको केन्द्रीय बैंकमा काम गर्ने कर्मचारीहरु सबल र सक्षम हुनु पर्ने बताउनु भयो । नेपाल राष्ट्र बैंकमा साधन र स्रोतको कमी नभएको बताउनु हुँदै कर्मचारीहरुले सकारात्मक सोच तथा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु पर्ने बताउनु भयो । देश संघीय संरचनामा गई सकेको अवस्थामा विभिन्न प्रदेशमा रहेका नेपाल राष्ट्र बैंकका कार्यालयहरु प्रदेश सरकारको आर्थिक सल्लाहकारको रुपमा पनि रहने भएकोले प्रदेशमा रहेका कार्यालयको अझ बढी जिम्मेवारी थपिएकोले नेपाल राष्ट्र बैंकका कर्मचारीहरु अध्ययनशील, अनुशासित र Research Oriented हुनुपर्ने बताउनु भयो ।

नेपाल राष्ट्र बैंकको कार्ययोजनामा उल्लेख भएका पुँजीगत खर्चतर्फका कामहरुको कार्यान्वयनको अवस्था कम भएको बताउनु हुदै गभर्नर डा. नेपालले कार्ययोजनामा स्वीकृत भएका कामहरु समयमा नै सम्पन्न गर्न निर्देशन दिनुभयो । देशको मुख्य नाका रहेको वीरगञ्ज कार्यालयको मुख्य भवन जिर्ण अवस्थामा रहेकाले नयाँ भवन बनाउन आवश्यक भएको बताउनु भयो ।

सो कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जनले कार्यालयको कार्य क्षेत्र, ढुकुटीको अवस्था जनशक्तिको अवस्था साथै कार्यालयको भौतिक पूर्वाधारको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । वीरगञ्ज कार्यालयका तीनवटै कर्मचारी युनियनका प्रतिनिधिहरुले कार्यालयमा काम गर्दा भोग्नु परेका समस्याहरुको बारेमा गभर्नरज्यू समक्ष जानकारी गराएका थिए ।

त्यसैगरी, जनकपुर कार्यालयको स्थलगत अवलोकनको अवसरमा आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंक स्रोत साधनले युक्त संस्था भएकोले स्वीकृत कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरु सबै कार्यालयहरुले सम्पादन गर्नेतर्फ ध्यान केन्द्रित गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो । कार्यालयहरुले आफ्नो आवश्यकता अनुसारका कार्यक्रम र कार्ययोजना बनाएर सो सम्पन्न गर्न आवश्यक

बाँकी २ पेजमा

## गभर्नर डा. नेपालद्वारा कर्पोरेट/रजिष्टर्ड कार्यालयको समुद्घाटन



गर्भनर डा. चिरंजीबि नेपालले पुस १८ गते काठमाडौंमा ग्लोबल आइएमई बैंक लि. को नवनिर्मित कर्पोरेट/रजिष्टर्ड कार्यालयको समुद्घाटन गर्नुभयो ।

सो कर्पोरेट/रजिष्टर्ड कार्यालय समुद्घाटन समारोहमा गर्भनर डा. नेपालले स्थापनाको छोटो समयमा नै ग्लोबल आइएमई बैंक लिमिटेडले प्रगति गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो ।

सोही कार्यक्रममा ग्लोबल आइएमई बैंक लि. का अध्यक्ष चन्द्रप्रसाद ढकालले स्थापनाको ११ वर्ष भित्रमा नै बैंकले प्राप्त गरेका विभिन्न सफलताहरुको श्रेय सम्पूर्ण ग्राहक महानुभावहरु, सेयर होल्डर, शुभचिन्तक तथा कर्मचारीहरुलाई दिँदै आगामी दिनमा अझ उत्कृष्ट सेवा प्रदान गर्दै जाने प्रण गर्नुभयो ।

उक्त कर्पोरेट/रजिष्टर्ड कार्यालय समुद्घाटन समारोहमा नेपाल उद्योग वाणिज्य संघका पदाधिकारी, विभिन्न संघसस्थाका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

१ पेजको बाँकी

## गभर्नर डा. नेपाल...

बजेट माग्नु पर्ने र स्वीकृत बजेटको अत्युत्तम खर्च गर्ने वातावरण बनाउनु पर्ने कुरामा जोड दिँदै गभर्नर डा. नेपालले कार्यालयहरुले विनियोजित बजेट खर्च गर्न नसकेको तर काम भएन भन्ने गुनासो सुनिने गरेको अवस्था चित्त बुझ्दो नभएको बताउनु भयो ।



देशमा संघीय व्यवस्था लागु भए पश्चात् नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरुको पनि स्तरोन्नति गर्नु पर्ने आवश्यकता औंल्याउँदै गभर्नर डा. नेपालले प्रदेश स्तरमा रहने ती कार्यालयले प्रदेश सरकारको आर्थिक तथा मौद्रिक सल्लाहकारको भूमिका निभाउनु पर्ने चुनौती रहेको बताउनु भयो । पुँजीगत आधार कमजोर भएकै कारण नेपालमा बैंक तथा वित्तीय संस्थाहरुमा समस्या देखा परेको धारण राख्दै गभर्नर डा. नेपालले यस्तो समस्या नदोहोरियोस् भन्नाका लागि बैंक तथा वित्तीय संस्थाहरुको पुँजी निरन्तर बढाउँदै लैजानु पर्ने आवश्यकता रहेको र सोही अनुरुप नेपालमा बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी बढाउने निर्णय कार्यान्वयन गरिएको बताउनु भयो ।

पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप संकलन नबढाई कर्जा लगानी मात्र बढाउँदा बैंकिङ क्षेत्रमा असहज स्थिति देखा परेको चर्चा गर्दै गभर्नर डा. नेपालले सबैको समन्वयमा यी लगायतका चुनौती सामना गर्दै केन्द्रीय बैंक अघि बढिरहेको बताउनु भयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै निर्देशक गौतमले नेपाल राष्ट्र बैंक जनकपुरको कार्यक्षेत्र भित्रको आर्थिक तथा बैंकिङ गतिविधिबारे चर्चा गर्नुभयो । संस्था प्रमुखबाट कार्यालयको निरीक्षण हुनु अति खुशीको क्षण भएको धारण व्यक्त गर्दै उहाँले सबै अधिकृत तथा कर्मचारीहरुको सामुहिक पहलबाट कार्यालयको कामकारवाही प्रभावकारी रुपमा सम्पादन भईरहेको जानकारी गराउनु भयो ।

कार्यक्रममा कानुन महाशाखाका निर्देशक रामहरि न्यौपाने, कार्यालयका उपनिर्देशकहरु माधव दंगाल, वासुदेव भट्टराई र प्रल्हाद गिरीका साथै अन्य अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । सहायक निर्देशक रामकाजी खाइजूले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा जनकपुर कार्यालयका तीनवटै कर्मचारी युनियनका प्रतिनिधिहरुले कार्यालयीय समस्याहरुको बारेमा गभर्नरज्यू समक्ष जानकारी गराएका थिए ।

# भुक्तानी प्रणालीको विकासका लागि नेपाल राष्ट्र बैंक क्रियाशील

**(सन्दर्भ : FinTech सम्बन्धी अन्तरक्रिया कार्यक्रम)** **– डेपुटी गभर्नर शिवाकोटी**

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले भुक्तानी प्रणाली विभागले पुस २१ गते काठमाडौंमा आयोजना गरेको FinTech सम्बन्धी अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथिको रूपमा मन्तव्य राख्दै निकट भविष्यमा कुनै पनि बैंकको शाखाबाट अन्य बैंकको खातामा रकम जम्मा गर्न सकिने सेवा सुरु हुने व्यवस्था मिलाइएको जानकारी दिनुहुँदै भुक्तानी प्रणालीको विकासमा नेपाल राष्ट्र बैंकले चालेका विभिन्न कदमहरुको बारेमा जानकारी दिनुभयो ।



सोही अवसरमा उहाँले नेपालमा संचालित भुक्तानी सम्बन्धी कार्य गर्ने विभिन्न गैरबैंक संस्थाहरुलाई नियमनको दायरामा ल्याई भुक्तानी सेवालाई आधुनिक, व्यवस्थित र भरपर्दो बनाइने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । उहाँले भुक्तानी प्रणालीको विकासमा रियल टाइम ग्रस सेटलमेन्ट सिस्टम (आरटीजिएस) र राष्ट्रिय भुक्तानी द्वारको ठूलो भूमिका हुने भएकाले नेपाल राष्ट्र बैंकले निकट भविष्यमा नै यी पूर्वाधारको स्थापना गर्न लागेको जानकारी समेत दिनुभयो । भुक्तानी प्रणालीलाई विश्वसनीय र सुदृढ बनाउन प्रणालीको ओभरसाइट कार्य धेरै महत्त्वपूर्ण हुने बताउँदै उहाँले बैंकले ओभरसाइट कार्यलाई समेत सँगै अघि बढाइरहेको जानकारी दिनुभयो ।

भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाका प्रतिनिधि र आर्थिक पत्रकारहरु समेत सहभागी रहेको सो कार्यक्रममा मन्तव्य प्रकट गर्दै भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्यले भुक्तानी प्रणालीको विकासमा सरकार, बजार, सेवा प्रदायक तथा सहयोगी संस्थाहरुको पनि चासो रहेको जानकारी दिनुभयो । विद्युतीय भुक्तानी उपकरणको विकासबारे जानकारी दिँदै उहाँले सहभागीहरुबाट राखिएको जिज्ञासालाई सम्बोधन गर्ने क्रममा सेवा शुल्क, नियमनको रुपरेखा, ओभरसाइट गतिविधि बारे समेत प्रकाश पार्नु भएको थियो ।

सो कार्यक्रममा भुक्तानी प्रणाली विभागका निर्देशक रेवतीप्रसाद नेपालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सोही विभागका निर्देशक रामबहादुर मानन्धरले स्वागत मन्तव्य दिनुभएको थियो । बैंक अफ कोरियाबाट आउनु भएका भुक्तानी प्रणाली सम्बन्धी सल्लाहकार Mr. KyungJin Jeon ले समेत कार्यक्रममा मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन भुक्तानी प्रणाली विभागका सहायक निर्देशक दीपक पोखरेलले गर्नुभएको थियो ।

# AML/CFT सम्बन्धी उच्च स्तरीय सेमिनार सम्पन्न

नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइले पौष २८ र २९ गते काठमाडौंमा नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव तथा नेपाल राष्ट्र बैंक सञ्चालक समितिका पदेन सदस्य शंकरप्रसाद अधिकारी, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी तथा शिवराज श्रेष्ठ र सञ्चालक समिति सदस्य रामजी रेग्मीको समुपस्थितिमा Role of Central Bank in Strengthening the AML/CFT Regime विषयक २ दिने उच्च स्तरीय सेमिनार कार्यक्रम सम्पन्न गर्‍यो ।



उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले मुलुकमा आर्थिक तथा वित्तीय अपराधहरुको प्रभावकारी नियन्त्रण नभएसम्म वित्तीय प्रणालीको विश्वसनीयता र स्थिरता कायम गर्न कठिन हुने र यसले देशको इज्जत र समग्र अर्थव्यवस्थामा नै गम्भीर प्रभाव पार्ने हुँदा वित्तीय अपराध नियन्त्रणमा सबै नियमनकारी तथा सुपरिवेक्षकीय संस्थाहरु एक भई कार्य गर्नुपर्ने आवश्यकता रहेको कुरामा जोड दिनुभयो । उहाँले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा नेपालमा विद्यमान संस्थाहरुबीच व्यापक समन्वय र आपसमा विश्वासको वातावरण बलियो बनाउनका लागि नतिजामूलक कार्य गर्नुपर्ने आवश्यकता भएकोले राष्ट्रिय समन्वय समिति थप सक्रिय भएर लाग्नु पर्ने कुरामा जोड दिनुभयो । त्यसैगरी उहाँले वित्तीय जानकारी एकाइ नेपाल राष्ट्र बैंक अन्तरगत रहे पनि कार्यात्मक रुपले स्वायत्त भएको र यसको दायरा बैंक तथा वित्तीय संस्थाहरु मात्र नभएर बिमा, सहकारी, धितोपत्र दलाल, मनिचेञ्जर, क्यासिनो, घरजग्गा कारोवारका अभिकर्ताहरु आदि समेत भएकाले सबैबाट नियमित रिपोर्टिङ्ग हुनु पर्ने र नभएमा नियमानुसार कारबाहीको प्रक्रिया अगाडी बढाउनु पर्ने आवश्यकता रहेकोले थप सवलीकरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

पहिलो दिनको कार्यक्रमको समापन मन्तव्य दिनु हुँदै डेपुटी गभर्नर शिवराज श्रेष्ठले आर्थिक अपराध अन्तरगत AML/CFT मा वित्तीय लगानीका माध्यमबाट हुने अपराधको हिस्सा उल्लेखनीय रहेकोले यस्ता चुनौतीहरुलाई सम्बोधन गर्न कानूनी तथा नीतिगत व्यवस्थाहरुमा सुधार र परिमार्जन गर्दै लैजानु पर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ तथा नियमावली २०७३ मा भएको प्रावधानको अक्षरशः पालनाको लागि नेपाल राष्ट्र बैंकले २०७४ श्रावण १ देखि लागू हुने गरी इ.प्रा.नं.१९ को निर्देशन जारी गरेको उल्लेख गर्नु हुँदै बैंक तथा वित्तीय संस्थाहरुबाट यसको पूर्ण पालना हुने विश्वास व्यक्त गर्नु भयो । साथै उक्त निर्देशन लगायत विद्यमान ऐन नियम पालना भए/नभएको पक्षको सुक्ष्म तवरबाट सुपरिवेक्षण गर्न नेपाल राष्ट्र बैंकका सुपरिवेक्षण विभागहरुलाई विशेष जोड दिनुभयो ।

उक्त कार्यक्रममा वित्तीय जानकारी एकाइका प्रमुख रामु पौडेलले "AML/CFT and FIU-Nepal", उच्च अदालतका माननीय न्यायाधिश टेक प्रसाद ढुङ्गानाले "Nepalese AML/CFT Regime: Country Risk and Contemporary Issues" र स्टाण्डर्ड चार्टर्ड बैंक, सिंगापुरका FCC Head डेनियल आर्प (Daniel Earp) ले "AML/CFT and International Perspective" विषयक अलग अलग कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।



कार्यक्रमको अन्त्यमा समापन मन्तव्य दिनु हुँदै नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव तथा नेपाल राष्ट्र बैंक, सञ्चालक समितिका पदेन सदस्य शंकरप्रसाद अधिकारीले वर्तमान विश्वमा जलवायु परिवर्तन, गरिबी र आतङ्कवाद गरी मुख्यतयः तीन विषय प्रमुख चुनौतीको रुपमा रहेको विचार प्रस्तुत गर्नुहुँदै यी चुनौतीहरु मध्ये आतङ्कवादको सिलसिला वित्तीय पाटोबाटै शुरु हुने भएकोले यस तर्फ सम्बन्धित सबै पक्ष सजग हुनु पर्ने बताउनु भयो । उहाँले सन् २०२० मा हुन लागेको पारस्परिक मूल्यांकनमा मुलुकको AML/CFT प्रणालीमा सम्बद्ध सम्पूर्ण निकायहरुको कार्य तथा कानून कार्यान्वयनको पाटो विशेष रुपमा हेरिने भएकोले सो अघि स्वमूल्यांकनको लागि अर्थ मन्त्रालयमा एक Cell को स्थापना गरी कामकारवाही शुरु गरिसकिएको कुरा जानकारी गराउनु भयो । नेपालमा करिव ४० प्रतिशत अर्थतन्त्र अनौपचारिक रहेको विभिन्न अध्ययनहरुले देखाएको र यसले सम्पत्ति शुद्धीकरणमा अझ चुनौती थपेको हुँदा सम्बन्धित पक्ष सचेत हुनु पर्ने तर्फ उहाँले जोड दिनु भयो । त्यसैगरी उहाँले शंकास्पद कारोवार प्रतिवेदन र सीमा कारोवार प्रतिवेदन पेश गर्ने निकायहरुलाई चेतनामूलक कार्यक्रमको आयोजना गर्नुपर्ने र उच्च पदस्थ व्यक्ति (Politically Exposed Person-PEPs) को सरलीकृत परिभाषा एवं सूची तयार गर्नुपर्ने आवश्यकता रहेको विचार समेत व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा वित्तीय जानकारी एकाइका उप-निर्देशक देवेन्द्र गौतमले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक विनय सिग्देलले गर्नुभएको थियो ।

**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

# वार्षिक साधारण सभाहरू सम्पन्न

पुस १५ गते नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको छैटौं वार्षिक साधारण सभा सम्पन्न भयो ।



सो वार्षिक साधारण सभाले आगामी चार वर्षका लागि श्री प्रमोदप्रसाद नेपालको अध्यक्षतामा नौ सदस्यीय संचालक समिति गठन गऱ्यो । संस्थाको उपाध्यक्षमा विकास कुमार गौतम, सचिवमा रामप्रसाद ढकाल, कोषाध्यक्षमा पदम्‌बहादुर खत्री तथा सदस्यहरुमा तिर्थनारायण श्रेष्ठ, उत्तमराज अधिकारी, पार्वती शर्मा, कृष्णनारायण मानन्धर र केशु थापा निर्वाचित हुनुभयो । साथै, सभाले संयोजक भरतप्रसाद आचार्य, सदस्यहरु शान्ता थापा र अशोक महर्जन रहेको तीन सदस्यीय लेखा समिति पनि गठन गऱ्यो ।

संस्थाका अध्यक्ष बैकुण्ठप्रसाद गौतमको सभापतित्वमा सम्पन्न भएको सो सभामा नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक तथा संस्थाका संरक्षक माधवप्रसाद भट्ट, संघका निवर्तमान अध्यक्ष तथा पूर्व कार्यकारी निर्देशक भोलाराम श्रेष्ठ लगायतले मन्तब्य राख्नुभएको थियो । नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका नवनिर्वाचित अध्यक्ष श्यामबहादुर श्रेष्ठले बधाई ज्ञापन गर्दै नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

सो सभामा नवनिर्वाचित अध्यक्ष नेपालले सहकारीको संचालन चुनौतीपूर्ण रहेकोले जिम्मेवारी र दायित्वबोधका साथ आउने चुनौतीको सामना गर्दै सुशासित ढंगबाट सहकारीको भावना अनुसार संस्था संचालन गरी यसको श्रीवृद्धि गर्ने धारणा राख्नुभएको थियो । सभाको संचालन संस्थाका सदस्य रामप्रसाद ढकालले गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको सोह्रौं वार्षिक साधारण सभा पौष ८ गते सम्पन्न भयो ।

सो सभालाई समुद्‌घाटन गर्नु हुँदै बैंकका प्रथम गभर्नर हिमालय शम्सेर ज. ब. रा. ले संघले गरेका सम्मान, स्वास्थ्य शिविर संचालन, असक्त सहायता कोष सञ्चालन लगायतका कार्यहरु प्रशंसनीय भएको बताउनु भयो। संघका सभापति भोलाराम श्रेष्ठले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुका साथै कार्यक्रमको औचित्य माथि प्रकाश पार्नुभएको थियो । सो उद्‌घाटन सत्रमा पूर्व डेपुटी गभर्नर डा. प्रफुल्लकुमार काफ्ले, संघका पूर्व अध्यक्षत्रय गुरुप्रसाद न्यौपाने, माधवप्रसाद भट्ट र डा. रेवतबहादुर कार्की तथा काठमाडौं उपत्यका बाहिरकासमितिका प्रतिनिधिहरुले पनि मन्तव्य राख्नुभएको थियो । संघका महासचिव श्यामबहादुर श्रेष्ठले संघको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त सत्रमा अशक्त सहायता कोषको गतिविधिका बारेमा कोषका संयोजक रीता पन्तले प्रकाश पार्नुभएको थियो । कोषको आर्थिक प्रतिवेदन कोषाध्यक्ष किशोरी थापाले प्रस्तुत गर्नुभएको थियो ।




साधारण सभाको दोस्रो सत्रले आगामी कार्यकालका लागि कार्य समितिका पदाधिकारीहरुको चयन गरेको थियो । यस अनुसार कार्य समितिमा अध्यक्ष श्यामबहादुर श्रेष्ठ, उपाध्यक्ष सिद्धिकृष्ण जोशी, महासचिव भोलानाथ प्रेमी उपाध्याय, कोषाध्यक्ष गौरीशंकर श्रेष्ठ, सचिव गोविन्दप्रसाद गौतम तथा सदस्यहरुमा लक्ष्मी गिरी, किशोरी थापा, रजोत्तमप्रसाद उपाध्याय, देवरत्न महर्जन, प्रमोदप्रसाद नेपाल, तीर्थनारायण श्रेष्ठ, खगेन्द्रप्रसाद गौतम, ईन्दुदेवी थपलिया, रमेश दाहाल, विजयकुमार श्रेष्ठ, कर्णबहादुर गुरुङ र सरिता पौडेल रहनु भएको छ ।

## धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

विभिन्न समसामयिक विषयमा केन्द्रित रही धनगढी कार्यालयमा पुस ७ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा उपनिर्देशक रमेश आचार्यले नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको Interest Rate Corridor सम्बन्धी जानकारी पेश गर्नुभयो । उहाँले Interest Rate Corridor को आवश्यकता, उपयोगिता तथा संचालन विधि सम्बन्धी जानकारी दिनुभयो । ज्ञान आदानप्रदान कार्यक्रमकै क्रममा सहायक रामकमार चौधरीले विप्रेषणका सैद्धान्तिक पक्ष तथा नेपालको अर्थतन्त्रमा विप्रेषणको भूमिका माथि प्रकाश पार्नुभयो ।

*(धनगढीबाट समाचार प्रतिनिधि पृथु शर्मा बिनाडीको सहयोगमा)*

## सरुवा/कायम मुकायम

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक उपेन्द्र पौडेलको जनशक्ति व्यवस्थापन विभाग र जनशक्ति व्यवस्थापन विभागका कायम मुकायम कार्यकारी निर्देशक डा. गोपालप्रसाद भट्टको वित्त व्यवस्थापन विभागमा सरुवा भएको छ ।

समस्याग्रस्त रिजोलुसन महाशाखाका निर्देशक भलक शर्मा आर्चायको कार्यकारी निर्देशक पदमा कायम मुकायम मुकरर हुनुभएको छ । उहाँको बैंकिङ कार्यालयमा सरुवा भएको छ ।

# AML/CFT सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न




नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभागको आयोजनामा सोही बिभागका कर्मचारीहरुका लागि मिति २०७४ पुष २१ गतेका दिन काठमाडौंको लाजिम्पाट स्थित होटल सम्पदा गार्डेनमा AML/CFT सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न भयो । डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा बैंकभित्रकै वार्ताकारद्वय निर्देशक रामु पौडेल र उपनिर्देशक देबेन्द्र गौतमले क्रमशः Overview of AML/CFT & Legal Frameworks/NRB Unified Directive-2074, Direction No.19 & Its Reporting का बारेमा अनुशिक्षण प्रदान गर्नु भएको थियो ।

अनुशिक्षण कार्यक्रममा प्रमुख अतिथि तथा बैंकका डेपुटी गभर्नर श्रेष्ठले हाम्रो देशले APG मार्फत AML/CFT सम्बन्धी International Best Practice मा रहेका मान्यताहरुलाई पालना गर्ने प्रतिबद्धता जनाएको बताउँदै यसको पालना गर्नमा बैंकिग क्षेत्रको भूमिका सबैभन्दा ठूलो हुने कुरा औंल्याउनुभयो । बैंक तथा वित्तीय संस्थाहरुलाई AML/CFT पालना गर्न लगाउनको लागि नेपाल राष्ट्र बैंकले १९ नं. निर्देशन जारी गरेको र सो पालना गर्न संस्थाको सो सम्बन्धी Policy, Software र कर्मचारीलाई तालिमको व्यवस्था गर्नका साथै संचालक समितिमा सो निर्देशनको सम्बन्धमा पर्याप्त छलफल गर्नुपर्ने उल्लेख गर्नुभयो ।

उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले नेपाल राष्ट्र बैंक ऐनले AML/CFT कार्यान्वयनमा ने.रा.बैंकलाई जिम्मेवारी दिएको प्रसंग उल्लेख गर्दै सो सम्बन्धी निर्देशन कार्यान्वयनको लागि नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुमा Policy भए नभएको, STR,TTR Reporting, Customer due deligence, Compliance Officer तोक्ने, ग्राहक बर्गीकरण, कर्मचारीलाई तालिमको व्यवस्था, AML/CFT Commitee भए/नभएको हेर्ने गरिएको बताउनुभयो ।

सोही कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले नेपालमा Banking Industry सबैभन्दा बढी पारदर्शी क्षेत्र भएको कुरा उल्लेख गर्दै विश्व अर्थतन्त्रको करिव ५ प्रतिशत रकम शुद्धीकरण हुने गरेको तथ्यांक रहेको र त्यही रोक्नको लागि AML/CFT कार्यान्वयनमा आएको बताउनुभयो । उहाँले सम्पत्ति शुद्धीकरण ऐनमा भएको संशोधन पश्चात नेपाल राष्ट्र बैंकले १९ नं. निर्देशन अध्यावधिक गरिएको कुरा समेत प्रष्ट पार्नुभयो ।

विभागका कर्मचारीहरुको AML/CFT सम्बन्धमा दक्षता बृद्धि गर्न सञ्चालन गरिएको सो कार्यक्रमको उद्देश्य माथि विभागका कायम मुकायम कार्यकारी निर्देशक वासुदेव अधिकारीले प्रकाश पार्नु भएको थियो । वहाँले नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन नं. १९ मा भएको व्यवस्था बमोजिम AML/CFT कार्यान्वयनको क्रममा सुपरभाइजरको रुपमा ने.रा. बैंकको भूमिकाको सम्बन्धमा श्रोत व्यक्तिहरुबाट बिस्तृत जानकारी प्राप्त हुने उल्लेख गर्दै सम्पत्ति आर्जन गर्ने र ट्रान्सफर गर्ने क्रममा AML/CFT को मर्म विपरित हुने क्रियाकलाप रोक्नुपर्ने बताउनु भयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाहरुको AML/CFT सम्बन्धी Policy र संचालक समिति पूर्ण भए/नभएको, Reporting समयमा भए नभएको, ने.रा.बैंकबाट जारी १९ नं. र ६ नं. निर्देशनको पूर्ण पालना भए/नभएको सम्बन्धमा नेपाल राष्ट्र बैंकका सुपरिवेक्षकहरु सदैव चनाखो रहनुपर्ने उल्लेख गर्नुभयो ।

विभागका का. मु. निर्देशक ईश्वरीप्रसाद नेउपानेले प्रमुख अतिथि, विज्ञ वार्ताकार तथा सहभागीहरुलाई स्वागत गर्दै यस अनुशिक्षण कार्यक्रमबाट AML/CFT को सम्बन्धमा ज्ञान अभिबृद्धि गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो भने निर्देशक विश्रुत थापाले अनुशिक्षण कार्यक्रममा सक्रिय सहभागिताको लागि सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रम विभागका उपनिर्देशक राजन अधिकारीले सञ्चालन गर्नुभएको थियो ।

## सहायक निर्देशक सुवेदीलाई स्वर्ण पदक



सहायक निर्देशक डम्बर सुवेदीले त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गतको सार्वजनिक प्रशासन (Public Administration) विषयमा दर्शनाचार्य (Master of Philosophy-M. Phil.) को उपाधि अत्युत्तम श्रेणीमा (Excellent Division) हासिल गर्नुका साथै त्रि.वि.प्रा.सं. शहीद उप.प्रा. हरिराज अधिकारी स्वर्णपदक समेत प्राप्त गर्नु भएको छ ।

'समाचार' उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।

# Risk Based Supervision सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न



वित्त कम्पनी सुपरिवेक्षण विभागको आयोजनामा सोही विभागका कर्मचारीहरुका लागि पुस ७ र ८ गते नगरकोटमा Risk Based Supervision सम्बन्धी दुई दिनको आवासीय अनुशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त अनुशिक्षण कार्यक्रममा प्रमुख अतिथि तथा डेपुटी गभर्नर शिवराज श्रेष्ठले हाल सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरु सबै एउटै क्षमताका नरहेको कारणले तिनीहरुको जोखिम बहन गर्ने क्षमता समेत फरक फरक रहेको छ भन्नुहुँदै बैंक तथा वित्तीय संस्थाहरुले साइबर सेक्युरिटी, सफ्टवेयर र कर्मचारी तालिममा खर्च बढाउनुपर्ने तथा नेपाल राष्ट्र बैंकको पछिल्लो निर्देशन अनुसार सञ्चालक स्तरीय AML/CFT अनुगमन समिति निर्माण गरी संस्थाका सबै समितिहरुलाई सक्रिय बनाउनुपर्ने कुरा उल्लेख गर्नुभयो । उहाँले सन् 2008 को Global Crisis को स्मरण गर्दै Banking System को एक ठाउँमा समस्या देखिएमा त्यसको असर समग्र प्रणालीमा पर्न सक्ने बताउँदै बैंक तथा वित्तीय संस्थाहरुले Asset/Liability Mismatch नगरी कारोबार गर्न आवश्यक भएको बताउनु भयो । डेपुटी गभर्नर श्रेष्ठले सुपरभाइजरले वित्तीय संस्थामा देखापर्ने पूर्व संकेततर्फ विशेष सजग रहनुपर्ने विषयमा प्रकाश पार्नुका साथै हालको अवस्थामा तरलता अभावले वास्तविक भन्दा पनि त्रासद मानसिकता उत्पन्न गरेको बताउनु भयो । सुपरिवेक्षकले कहिले Bird's eye view को रुपमा त कहिले worm's view को रुपमा हेर्नुपर्ने सुझाव पनि उहाँले दिनुभयो ।

सो कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले Internal Control Environment in BFIs र निर्देशक किरण पण्डितले Risk Based Supervision: A Shift from the Traditional Approach तथा Risks Assessed under RBS and Risk Management in BFIs विषयमा अनुशिक्षण प्रदान गर्नुभयो ।

सो कार्यक्रमको प्रारम्भमा वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक वासुदेव अधिकारीले वित्त कम्पनीहरुलाई BASEL-2 अनुसारको समानान्तर Reporting गर्न निर्देशन दिएकोमा सबै वित्त कम्पनीहरुबाट सो अनुसारको Reporting आइनसकेको अवस्था रहेको बताउँदै नेपाल राष्ट्र बैंकले कुनै विषयमा नयाँ व्यवस्था लागु गर्नुपूर्व सम्बन्धित विभागसँग सो सम्बन्धमा समन्वय गर्दा कार्यान्वयनमा सहजता आउने बताउनु भएको थियो । बैंक तथा वित्तीय संस्थाहरुको निरीक्षण गर्दा अपनाइ रहेको पुरानो Rule Based Approach बाट Risk Based Supervision जस्तो Forward Looking Approach मा जाने तयारीको सन्दर्भमा वित्त कम्पनीहरुलाई आफ्नो Risk Profile तयार पार्न लगाउनुका साथै विभागका सुपरभाइजरहरुले समेत आफूलाई सोको लागि तयार पार्दै जानु पर्ने कुरा व्यक्त गर्दै उहाँले निरीक्षणमा जानपूर्व सुपरभाइजरहरुले पर्याप्त जानकारी लिन आवश्यक भएको पनि बताउनु भएको थियो ।

उक्त अवसरमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले 'क' वर्गका बैंकहरुमा समेत Risk Based Supervision ले पूर्णता पाइनसकेको अवस्था रहेको भए तापनि वित्त कम्पनीहरुमा समेत केही समय पछि सो लागु गर्नपर्ने उल्लेख गर्नुभएको थियो । विभागका निर्देशक विश्रुत थापाले प्रमुख अतिथि तथा सहभागीहरुलाई स्वागत गर्दै अनुशिक्षण कार्यक्रमबाट Risk Based Supervision को सम्बन्धमा ज्ञान अभिवृद्धि गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नुभएको थियो भने का. मु. निर्देशक ईश्वरीप्रसाद नेउपानेले वित्त कम्पनीहरुको संरचनाको कारणले Risk Based Supervision लागु गर्न चुनौतीपूर्ण रहेको कुरा उल्लेख गर्नुभएको थियो । कार्यक्रम विभागका उपनिर्देशक राजन अधिकारीले सञ्चालन गर्नुभएको थियो ।

## विराटनगर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

विराटनगर कार्यालयको स्वीकृत वार्षिक कार्ययोजना अनुसार यस आ. व. २०७४/७५ मा ४ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप पौष २१ गते कार्यालयको सभाहलमा दोस्रो कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा सम्माननीय पूर्व प्रधान न्यायाधीश शुशिला कार्कीले बैंक तथा वित्तीय संस्थाका क्षेत्रमा आफ्ना न्यायिक तथा कानूनी अनुभव विषयमा प्रस्तुति दिनुभयो । सो कार्यक्रमको सभापतित्व कार्यालयका निर्देशक विनोदराज आचार्यले गर्नुभएको थियो ।

*(विराटनगरबाट समाचार प्रतिनिधि सुनिल अधिकारीको सहयोगमा)*



# डेपुटी गभर्नर श्रेष्ठद्वारा विभिन्न कार्यक्रमहरूको समुद्घाटन

## वित्तीय जागरण : राष्ट्रिय अभियान, बैंक/बीमा एक्स्पो समुद्घाटन

डेपुटी गभर्नर शिवराज श्रेष्ठले पुस १४ गते इटहरीमा बैंक, बीमा, रेमिट्यान्स लगायत सम्पूर्ण वित्तीय कारोबारका बारेमा जानकारी गराउने उद्देश्यले मिडिया इण्टरनेशनलद्वारा आयोजित वित्तीय जागरणः राष्ट्रिय अभियान, बैंक/बीमा एक्स्पोको समुद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले देशमा हालसम्म १४८ वटा बैंक तथा वित्तीय संस्था र ५,३१० वटा शाखाले बैंकिङ सेवा तथा सुविधा उपलब्ध गराइराखेको र हरेक स्थानीय निकायमा एक बैंक/वित्तीय संस्था पुग्नुपर्ने नीति बमोजिम ७५३ स्थानीय निकायमा बैंक शाखा खोल्ने प्रक्रिया शुरु भइसकेकोले सबै विद्यार्थी, घर परिवार, आफन्त, सरोकारवाला सबैलाई वित्तीय साक्षरता सम्बन्धी चेतनाको विकास गर्न यस बैंक/बीमा एक्स्पोले मद्दत पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

डेपुटी गभर्नर श्रेष्ठले देशको दिगो आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाहरुको माध्यमबाट पुँजीको परिचालनले रोजगारी सिर्जना र उद्यमशीलताको विकास गरी जनताको आर्थिक जीवनस्तर उकास्न ठूलो मद्दत पुऱ्याएको तर १८ प्रतिशत वयस्क जनताले बैंकिङ सुविधा पाउन नसकेकोले जनतालाई लक्षित गरी गाउँ, पहाड, हिमालमा यस्ता खाले वित्तीय पहुँच तथा वित्तीय समावेशीकरणका कार्यक्रम गर्दै लानुपर्ने औंल्याउनु भयो । बैंक तथा वित्तीय संस्थाहरुको विश्वसनीयतामा अभिवृद्धि गर्दै बचतको बानी विकास गर्ने र उद्यमशीलताको लागि आवश्यक पुँजी जुटाउने भूमिकामा सशक्त रुपले अगाडि बढ्नुपर्ने तथा विपन्न वर्गमा बैंकिङ सेवाको खाँचो टड्कारो रुपमा रहेकोमा आफ्नो गाउँघर वरपर संचालन हुने घरेलु उद्योग, स-साना किराना पसल, पशुपंछी पालन, कृषि उत्पादनमा सरल तथा मितव्ययी तरिकाले वित्तीय पहुँच पुऱ्याउनु पर्ने र महिलाहरु लक्षित कतिपय लघुवित्त कार्यक्रममा आफूले तिर्नसक्ने क्षमताको विकास गरी सोही परिमाणमा कर्जा लिने तर आवश्यकता भन्दा बढी कर्जा उपभोगले भने समाजमा नकारात्मक असर पर्नसक्ने विषयमा हामीले हेक्का राख्नुपर्ने जानकारी गराउनु भयो ।

वित्तीय चेतना सँगसँगै मोबाइल बैंकिङ तथा एटिएम प्रयोगले आधुनिक तथा प्रविधिमैत्री कारोबार गर्न हरेक मानिसको जीवनलाई सरल र सुव्यवस्थित बनाइदिएको, कर्जाको स्रोत पहिचान तथा कर्जाको ब्याजदर छिटो परिवर्तन गर्नाले बैंक/ वित्तीय संस्था प्रति सर्वसाधारणको विश्वसनीयतामा असर पुग्ने हुनाले बैंक तथा वित्तीय संस्थाहरुका कर्मचारी तथा उच्च व्यवस्थापनले समेत वित्तीय साक्षरताको शिक्षा लिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका कायम मुकायम निर्देशक डा. रामशरण खरेल, मिडिया इन्टरनेशनलका अध्यक्ष माधव निर्दोष, उद्योग वाणिज्य संघ, इटहरीका कार्यवाहक अध्यक्ष शैलेश विष्ट, डेभलपमेण्ट बैंक एसोसिएसनका बरिष्ठ उपाध्यक्ष गोविन्द ढकाल, प्रभु ग्रुपका उपाध्यक्ष कुसुम लामा समेतले बैंक तथा वित्तीय संस्थाको कारोवार, सेवा, सुविधा आदि विषयमा प्रकाश पार्नुभएको थियो ।

## देवः विकास बैंक लिमिटेडको इटहरी र पथरी शाखाको समुद्घाटन

डेपुटी गभर्नर शिवराज श्रेष्ठले पुस १५ गते देवः विकास बैंक लिमिटेड, इटहरी शाखाको समुद्घाटन गर्नुभयो । राष्ट्रिय स्तरको देवः विकास बैंकले राजधानीका जनताले पाएका सेवा जस्तै यस क्षेत्रका जनताले समेत पाउने गरी सबै सेवा सुविधा विस्तार गर्दै रोजगारी र उद्यमशीलतमा थप योगदान गर्नुपर्ने बताउनु भयो ।

प्रदेश नं. १ मा २०७४ असोज मसान्तसम्म क, ख र ग वर्गका कुल ४८१ वटा बैंक शाखा रहे तापनि वित्तीय पहुँच नपुगेका कतिपय ग्रामीण तथा दुर्गम क्षेत्रमा बैंक शाखाको विस्तार नभएकोमा हरेक स्थानीय निकायमा एक बैंक/वित्तीय संस्था पुग्नुपर्ने सरकारको नीति बमोजिम ७५३ स्थानीय निकायमा बैंक शाखा खोली वित्तीय सेवा प्रदान गर्ने प्रक्रियामा रहेको जानकारी गराउनु भयो ।

निजी क्षेत्रको विकासमा पुँजी प्रवाह गर्ने, निजी क्षेत्र मैत्री नीति निर्माण गर्ने, उद्यमशीलताको विकास गर्ने आदि क्षेत्रको विकास गरी रोजगारी सिर्जनाले त्यस क्षेत्रको जनताको जीवनस्तरमा परिवर्तन ल्याउन नेपाल राष्ट्र बैंकबाट विभिन्न नीति, नियमहरु जारी गरिएको छ । बैंकले आफ्नो क्षमता हेरेर मात्र कर्जा विस्तार गर्ने, निक्षेपको स्रोत पहिचान गर्ने, अल्पकालीन स्रोतबाट दीर्घकालीन कर्जा प्रवाहले Liquidity Mismatch हुन गई बैंक तथा वित्तीय संस्था धरासायी हुन सक्ने भएकोले समयमा नै चनाखो हुनुपर्ने धारणा समेत डेपुटी गभर्नर श्रेष्ठले राख्नुभयो ।



उद्घाटन कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले बैंकका उच्च व्यवस्थापन तथा कर्मचारीहरु समेतलाई नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था, निर्देशिका तथा प्रचलित कानूनको विषयमा अभिमुखीकरण गर्दै जानुपर्ने बताउनु भयो । कारोवार विस्तार भएसँगै जोखिमको मात्रा बढ्दै जाने हुँदा जोखिम न्यूनीकरणका

क्रमशः ८ पेजमा

# जोखिम व्यवस्थापन गोष्ठी सम्पन्न

बैंकका विभिन्न विभाग/महाशाखा/एकाइ र उपत्यका बाहिरका कार्यालयहरुमा जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने अधिकृतहरुको सिप र क्षमता विस्तार गर्ने जोखिम न्यूनीकरणमा देखापरेका समस्या पहिचान गर्ने, समाधानका उपाय पहिल्याउने तथा भविष्यमा जोखिम व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ संस्थागत योजना विभागद्वारा जोखिम अधिकृतहरुका लागि पौष १६ गते विराटनगर कार्यालयको सभाकक्षमा जोखिम व्यवस्थापन सम्बन्धी एक दिने गोष्ठी सम्पन्न गरियो ।



कार्यक्रमका प्रमुख अतिथि डेपुटी गभर्नर शिवराज श्रेष्ठले उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा विभिन्न विभाग/महाशाखा/एकाइ र कार्यालयका २७ जना अधिकृतहरुको सहभागिता रहेको थियो । उक्त गोष्ठीमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगानाले Risk Management Architecture in Nepal Rastra Bank विषयमा तथा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले Risk Management Practice in Currency Management विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा संस्थागत योजना विभागका निर्देशक सुमनकुमार अधिकारीले गोष्ठीको औचित्य बारे प्रकाश पार्नुभएको थियो । साथै उहाँ र उपनिर्देशक आर्या जोशीले बैंकमा विद्यमान Risk Management Practices विषयमा केन्द्रित रही case study गराउनु भएको थियो ।

७ पेजको बाँकी

## डेपुटी गभर्नर श्रेष्ठ...

उपायहरु अवलम्बन गर्नुपर्ने र कुशल व्यवस्थापन तथा सुशासनले मात्र बैंकको छवी उच्च हुने हुनाले सो तर्फ समेत ध्यानाकृष्ट गराउनु भयो ।

बैंकले सहज, सरल र आधुनिक बैंकिङ प्रणालीको माध्यमबाट देशका मुख्य शहरमा लक्ष्य अनुरुप क्रमिक रुपमा शाखा विस्तार गर्ने नीति लिए बमोजिम यस क्षेत्रका जनता, उद्योगी तथा व्यापारीहरुलाई उच्च स्तरको सेवा, सुविधा प्रदान गर्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंक, संस्थागत योजना विभागका कार्यकारी निर्देशक भीष्मराज ढुङ्गाना, विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्य, उद्योग वाणिज्य संघ, इटहरीका कार्यवाहक अध्यक्ष शैलेश विष्ट, देव: विकास बैंकका अध्यक्ष सुवर्णलाल बज्राचार्य, बैंकका प्रमुख कार्यकारी अधिकृत बिजयबहादुर श्रेष्ठ समेतको उपस्थिति रहेको थियो ।

यसैगरी डेपुटी गभर्नर शिवराज श्रेष्ठले पुस १६ गते देव: विकास बैंक लिमिटेड, पथरी शाखाको समुद्घाटन गर्नुभयो । सोही क्रममा आफूसँग रहेको बचत रकम बैंकमा जम्मा गर्ने र सेवाग्राहीलाई बैंकबाट उच्चतम सेवा सुविधा प्रदान गर्न अनुरोध गर्नुभयो ।

भर्खर मात्र विकसित यस नगरपालिकाको पूर्वाधार तथा संरचना हेर्दा घनीभूत विकासको क्रम देखिएको र बैंक/वित्तीय संस्थाको उपस्थिति अपरिहार्य भएकोले प्रमुख व्यापारिक केन्द्रहरुमा सेवा विस्तार गरेको देव: विकास बैंक लि. को शाखा कार्यालय पथरीमा स्थापना भएको हो भन्नुहुँदै डेपुटी गभर्नर श्रेष्ठले यहाँका औद्योगिक तथा व्यापारिक क्षेत्रमा Emerging Business को माहोल सिर्जना



भएकोले पर्याप्त रुपमा बैंकिङ सेवा, सुविधा उपलब्ध गराउँदै सबै सर्वसाधारण, उद्योगी, व्यापारीको मनोकांक्षा पूरा गर्दै जानुपर्ने विषय औंल्याउनु भयो ।

भर्खरै सम्पन्न निर्वाचनले राजनैतिक, सामाजिक, आर्थिक स्थायित्व हुनेछ भन्ने सबैको विश्वास रहेको क्रममा यस क्षेत्रमा बैंकिङ सेवा अझ सशक्त र फराकिलो बनाउनुपर्ने एवम् यसका लागि नेपाल राष्ट्र बैंकले निजी क्षेत्र मैत्री नीति तर्जुमा गर्दै आइरहेको जानकारी पनि उहाँले गराउनु भयो ।

डेपुटी गभर्नर श्रेष्ठले Corporate Social Responsibility (CSR) Program अन्तर्गत बढी भन्दा बढी ग्राहक, व्यक्ति, परिवारलाई बैंकिङ सेवा, सुविधाबाट लाभान्वित गर्ने/गराउने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने र वित्तीय पहुँच तथा वित्तीय समावेशीकरणलाई मजबुत बनाउँदै निक्षेपकर्ता, लगानीकर्ता, कर्मचारी, राष्ट्र एवम् सर्वसाधारण जनताहरुलाई बढी भन्दा बढी खुशी राख्ने र सेवा प्रदान गर्ने प्रेरणा मिलोस् भनी शुभकामना मन्तव्य राख्नुभयो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका सहायक निर्देशक सुबोधमान श्रेष्ठको उपस्थिति रहेको थियो । साथै, बैंकका प्रमुख कार्यकारी अधिकृत बिजयबहादुर श्रेष्ठले स्वागत मन्तव्य एवम् पथरी शनिश्चरे नगरपालिकाको मेयर तथा उपमेयर क्रमश: दिलीपकुमार राई तथा यमुना विष्ट बास्तोला, उद्योग वाणिज्य संघ, पथरीका बरिष्ठ उपाध्यक्ष कविता विष्टले शुभकामना मन्तव्य राख्नुभएको थियो । देव: विकास बैंकका अध्यक्ष सुवर्णलाल बज्राचार्यले बैंकको कारोवार, सेवा, सुविधा आदि विषयमा प्रकाश पार्नुभएको थियो ।

# आर्थिक गतिविधि अध्ययन सम्बन्धी गोष्ठी

अनुसन्धान विभाग, आर्थिक विकास शाखाले पौष ०३, २० र २६ गते क्रमशः दोलखा जिल्लाको चरिकोट, धादिङ जिल्लाको धादिङबेसी तथा नुवाकोट जिल्लाको विदुरमा आर्थिक गतिविधि सम्बन्धी गोष्ठी आयोजना गऱ्यो । उक्त दुवै कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले आर्थिक गतिविधि अध्ययनको महत्त्व, प्रक्रिया एवम् चुनौतीहरु विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




सो वार्तामा कार्यकारी निर्देशक थापाले नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकार रहेकोले नेपाल सरकारलाई सुझाव प्रदान गर्न, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण गर्न र अर्थतन्त्रका विविध तथ्यांकहरुलाई अद्यावधिक गर्न नेपाल राष्ट्र बैंकले आर्थिक गतिविधि अध्ययन गर्ने गरेको बताउनु भएको थियो । साथै उहाँले आर्थिक गतिविधि अध्ययनमा Nowcasting को महत्वको बारेमा समेत प्रकाश पार्नुभएको थियो ।

नुवाकोटको कार्यक्रममा उपनिर्देशक नारायणप्रसाद पोखरेलले र दोलखाको कार्यक्रममा सहायक निर्देशक मनोजकुमार के. सी. ले स्वागत मन्तब्य राख्नुका साथै कार्यक्रमको उद्देश्य तथा महत्व बारे चर्चा गर्नुभएको थियो । दोलखा र नुवाकोट जिल्लामा संचालित कार्यक्रमहरु सहायक निर्देशकद्वय क्रमशः मिला बाराही तथा बाबुराम कोइरालाले संचालन गर्नुभएको थियो ।

यसैगरी धादिङ जिल्लाको कार्यक्रम अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्यालको संयोजकत्वमा सम्पन्न भएको थियो । निर्देशक पौड्यालले कार्यक्रममा आर्थिक गतिविधि अध्ययनको महत्त्व, प्रक्रिया एवम् चुनौतीहरु विषयमा प्रस्तुति राख्नुका साथै आगामी दिनहरुमा नयाँ संघीय संरचना अनुसार कृषि, पशु, खानेपानी, स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रहरु स्थानीय तहमा हस्तान्तरण भएपश्चात् आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्यांकहरु संकलन गर्न कसरी श्रोत निकायहरुको पहिचान गर्न सकिन्छ भन्ने बारेमा उपस्थित सहभागीहरुसँग छलफल गर्नुभएको थियो । उहाँले आर्थिक गतिविधि तथ्यांक संकलन गर्दा ध्यान दिनुपर्ने विषयहरुमा छलफल गर्दै विभिन्न कुराहरु जस्तैः समीक्षा अवधिको तथ्यांकलाई अघिल्लो वर्षको सोही अवधिको तथ्यांकसँग तुलना गर्नुपर्ने, कुनै तथ्यांकको प्रवृत्तिमा उल्लेख्य परिवर्तन आएको देखिएमा त्यसको कारण खुलाउनु पर्ने, कृषि, उद्योग तथा सेवा क्षेत्रको चालू वर्षको बाँकी अवधिको परिदृश्य र आगामी वर्षको परिदृष्य कस्तो हुने हो सोको विवरण उल्लेख हुनुपर्ने जस्ता कुराहरुमा ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो । साथै, उहाँले सहभागीहरुको आर्थिक गतिविधिहरुसँग सम्बन्धित विभिन्न जिज्ञासाहरुलाई सम्बोधन गर्नुभएको थियो ।



सहायक निर्देशकद्वय मनोजकुमार के.सी. ले स्वागत मन्तब्य राख्नुभएको र मिला बाराहीले संचालन गर्नुभएको उक्त कार्यक्रममा आर्थिक गतिविधि अध्ययनका लागि तथ्यांक तथा सूचना प्रदायक जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरुका पदाधिकारीहरु, बैंक तथा वित्तीय संस्थाहरुका कार्यालय प्रमुख तथा अधिकृतहरु र उद्योग वाणिज्य संघका प्रमुख तथा पदाधिकारीहरु लगायत निजी क्षेत्रका उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

## अन्तर्राष्ट्रिय तालिम/सेमिनार/गोष्ठी/मिटिङ आदिमा सहभागिता

कार्यकारी निर्देशकद्वय बैंकिङ कार्यालयका जनकबहादुर अधिकारी तथा मुद्रा व्यवस्थापन विभागका लक्ष्मीप्रपन्न निरौला RBI ले India मा January 3 देखि 5 सम्म आयोजना गरेको Currency Verification & Processing System विषयक कार्यक्रममा र SICPA ले Swizerland मा January 15 देखि 17 सम्म आयोजना गरेको Study Visit मा सहभागी हुनुभयो । यसमध्ये RBI बाट India मा आयोजित कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मणिराज श्रेष्ठ पनि सहभागी हुनुहुन्थ्यो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक शंकरप्रसाद आचार्य Credit Guarantee fund ले India मा January 9 देखि 11 सम्म आयोजना गरेको Credit Guarantee Fund Trust for Micro & Small Enterprises सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक तेजबहादुर राना मगर र मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक रुद्रबहादुर घिमिरे Perum Peruri ले Indonesia मा December 20 देखि 22 सम्म आयोजना गरेको Die Distruction Process of Rs.50 विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक किरण पण्डित Deutsche Bundesbank ले Germany मा January 15 देखि 17 सम्म आयोजना गरेको Stress Tests Methods & areas of application सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक निभा श्रेष्ठ Deutsche Bundesbank ले Germany मा January 22 देखि 26 सम्म आयोजना गरेको Banking Supervision सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक प्रकाशचन्द्र भट्टराई Access Advisory ले South Korea मा December 23 देखि 27 सम्म आयोजना गरेको CIT's Product Launching Event मा सहभागी हुनुभयो ।

# सिद्धार्थनगर कार्यालयमा अन्तरक्रिया र ज्ञान आदानप्रदान कार्यक्रम

सिद्धार्थनगर कार्यालयले पुस १९ गते रुपन्देही जिल्लामा वित्तीय कारोबारको सम्बन्धमा देखिएका समसामयिक चुनौतीहरु तथा समाधान विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।




उक्त कार्यक्रममा निर्देशक अशोककुमार पौडेलले रुपन्देही जिल्लामा वित्तीय कारोबारको सम्बन्धमा देखिएका समसामयिक चुनौतीहरु तथा समाधान विषयमा वार्ता समेत प्रस्तुत गर्दै रुपन्देही जिल्लाको आर्थिक तथा वित्तीय सूचकहरुको आधारमा रुपन्देही जिल्ला देशकै प्रमुख आर्थिक केन्द्रहरु मध्ये एक भएको बताउनु भयो । बैंकिङ सेवा विस्तार मार्फत् वित्तीय साक्षरता एवम् पहुँच विस्तार, उद्यमशीलता विकास, कृषि, उद्योग तथा पर्यटन जस्ता उत्पादनशील क्षेत्रहरुमा बैंकिङ क्षेत्रले जोड दिनुपर्ने पनि उहाँले बताउनु भयो ।

कार्यक्रममा टिप्पणी प्रस्तुत गर्दै भैरहवा बहुमुखी क्याम्पसका सहप्राध्यापक डा. शंकर नेपालले सरकारको आर्थिक नीति र राष्ट्र बैंकले ल्याउने मौद्रिक नीतिको तालमेलबाट मात्रै अर्थतन्त्रको दिगो विकास सम्भव हुने र त्यसको लागि बैंकिङ क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने बताउनु भएको थियो ।

कार्यक्रममा उपनिर्देशक सुबास आचार्यले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्य तथा महत्व माथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा रुपन्देही जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरु, स्थानीय शाखा कार्यालयका प्रमुखहरु, बैंकका अधिकृत तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । सहभागीहरुको तर्फबाट कृषि विकास बैंक, क्षेत्रीय कार्यालय, सिद्धार्थनगरका निर्देशक पारशमणि ढकालले कार्यक्रम अत्यन्त उपयोगी भएको प्रतिक्रिया दिनुभएको थियो ।

त्यसैगरी सिद्धार्थनगर कार्यालयले निर्देशक अशोककुमार पौडेल, उपनिर्देशक सुबास आचार्य लगायत सहायक निर्देशकहरु तथा अन्य कर्मचारीहरुको सहभागितामा पुस १४ गते कार्यालयकै सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम गऱ्यो ।

उक्त ज्ञान आदानप्रदान कार्यक्रमको प्रथम चरणमा उपनिर्देशक ऋषिराम बरालले मनिचेञ्जरको इजाजत, संचालन तथा व्यवस्थापन विषयक वार्ता प्रस्तुत गर्दै मनिचेञ्जर सम्बन्धी कार्यको व्यवस्थापनमा देखिएका समसामयिक चुनौतीहरु बारे चर्चा गर्नुभयो । कार्यक्रमको दोस्रो चरणमा सहायक निर्देशक रामप्रसाद न्यौपानेले मनिचेञ्जरको निरीक्षण तथा प्रतिवेदन लेखन विषयक वार्ता प्रस्तुत गर्दै मनिचेञ्जर सम्बन्धी नीतिगत व्यवस्था, निरीक्षण तथा प्रतिवेदनमा देखिएका चुनौतीहरु उल्लेख गर्दै सुधारको लागि ध्यान दिनुपर्ने विषयमा चर्चा गर्नुभयो ।

# आर्थिक गतिविधि सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

वीरगञ्ज कार्यालयले पुस १३ गते "आर्थिक गतिविधि अध्ययन विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम" सम्पन्न गऱ्यो ।



कार्यक्रममा अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्यालले 'आर्थिक गतिविधि अध्ययनको महत्त्व, प्रक्रिया एवम् चुनौतीहरु' विषयक कार्यपत्रमार्फत् आर्थिक गतिविधिको महत्त्व/आवश्यकता, स्वरुप/प्रक्रिया, विद्यमान अवस्था र भावी चुनौतीहरुको सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जनले नेपाल राष्ट्र बैंक र सूचना/तथ्याङ्क उपलब्ध गराउने निकाय बीचको सम्बन्ध सुमधुर हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । राष्ट्रिय तथा क्षेत्रीयस्तरका आर्थिक नीति तथा योजना तर्जुमाका क्रममा आर्थिक गतिविधि सम्बन्धी तथ्याङ्कले सहजता प्रदान गर्ने उहाँको भनाइ थियो । उहाँले सहभागीहरुले उठाएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा वीरगञ्ज कार्यालयका उपनिर्देशक केशवबहादुर के. सी. ले स्वागत मन्तव्य राख्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा बारा र पर्सा जिल्लामा आर्थिक गतिविधि सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, वीरगञ्ज उद्योग वाणिज्य संघ, बारा उद्योग वाणिज्य संघ लगायतका निकायका प्रतिनिधिहरुको सहभागिता थियो ।

*(वीरगञ्जबाट समाचार प्रतिनिधि लालकुमार सुवेदीको सहयोगमा)*

## समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि विषयक अन्तरक्रिया कार्यक्रम

नेपालगञ्ज कर्यालयले पौष १३ गते नेपालगञ्जमा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि विषयक १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।



उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ का सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न बैंक तथा वित्तीय संस्थाहरुले कृषिमा गरेको लगानी महत्त्वपूर्ण हुने हुँदा यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुले लगानी बढाउनु पर्नेमा जोड दिनुभयो । उहाँले हाल कृषि क्षेत्रमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई कुल कर्जा लगानीको १० प्रतिशत लगानी गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको र ५ प्रतिशत अनुदानमा तोकिएको कृषि क्षेत्रमा कर्जा प्रदान गर्ने व्यवस्था गरे तापनि सो अनुरुप आशातित कर्जा लगानी हुन नसकेको वास्तविकता तथ्याङ्क मार्फत् प्रस्तुत गर्नुभयो ।

सो कार्यक्रममा उपस्थित सहभागीहरुलाई बैंकका उपनिर्देशक शैलेन्द्र रेग्मीले स्वागत गर्दै कार्यक्रमको उपादेयता सम्बन्धमा प्रकाश पार्नुभएको थियो । नेपालगञ्ज उपमहानगरपालिकाका मेयर तथा कार्यक्रमका प्रमुख अतिथि डा. धवल समशेर ज. ब. रा., जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ अधिकृत कृष्णबहादुर बस्नेत, नेपाल बैंक लि. का शाखा प्रबन्धक विनयकेशरी पौडेल, कृषिविद् रमेशबहादुर शाह लगायतका सहभागीहरुले आ-आफ्ना धारणाहरु व्यक्त गर्नुभएको थियो ।

नेपालगञ्ज क्षेत्रका बैंक तथा वित्तीय संस्थाका क्षेत्रीय प्रबन्धक तथा शाखा प्रबन्धकहरु गरी करिब ६० जनाको उपस्थिति रहेको सो कार्यक्रमको सञ्चालन बैंकका उपनिर्देशक कमलप्रकाश कालाथोकीले गर्नुभएको थियो ।

*(नेपालगञ्जबाट समाचार प्रतिनिधि रमेशकुमार मल्लको सहयोगमा)*

## लालबन्दीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

तथ्याङ्क सङ्कलन र आर्थिक गतिविधिको जानकारीका लागि सरोकारवालाहरूको भूमिका महत्वपूर्ण हुने कुरा जनकपुर कार्यालयका निर्देशक रामप्रसाद गौतमले बताउनु भएको छ । सर्लाही जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी, व्यापारी, कृषि व्यवसायीका साथै सरोकारवाला सरकारी कार्यालयहरूसँगको सर्लाहीको लालबन्दीमा आयोजित अन्तरक्रियामा निर्देशक गौतमले कृषि क्षेत्रमा अपेक्षित कर्जा पुग्न नसकेकोले ग्रामीण क्षेत्रमा कृषक उपजहरू व्यवसायिक हुन नसकेको कुरा औंल्याउनु भयो । उक्त कार्यक्रममा निर्देशक गौतमले आर्थिक तथा बैंकिङ गतिविधिमा सरोकारवाला र केन्द्रीय बैंकको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा नेपाल राष्ट्र बैंकबाट विभिन्न सरोकारवाला निकायसँग संकलन गरिने तथ्यांकको आधारमा मौद्रिक तथा वित्तीय नीतिको तर्जुमा गरिने भएकोले सही र तथ्यपरक तथ्यांक आवश्यक रहेको बारे उल्लेख गरिएको थियो ।




कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उपनिर्देशक प्रल्हाद गिरीलेकेन्द्रीयबैंकको सरोकारवालाहरू-सँगको यस्तो अन्तरक्रिया नियमित रहेको बताउँदै देशको आर्थिक तथा वित्तीय स्थितिको सही आंकलन सरोकारवाला कार्यालयहरूले दिएको तथ्याङ्क र सूचनाको आधारमा हुने बताउनु भयो । उहाँले नेपाल राष्ट्र बैंकले प्रकाशित गर्ने गरेको देशको वर्तमान आर्थिक स्थिति, आर्थिक गतिविधि अध्ययन लगायत अन्य आर्थिक, मौद्रिक तथा वित्तीय प्रकाशनहरू अध्ययन गरेमा कृषक, व्यवसायी तथा उद्यमी सबैलाई फाइदा पुग्ने पनि बताउनु भयो ।

कार्यपत्र प्रस्तुतिपछि छलफल तथा अन्तरक्रिया कार्यक्रममा उद्योग र कृषकहरूले बैंकहरूबाट कृषि कर्जामा सहुलियत, कृषि कर्जाको पहुँच र वित्तीय साक्षरताका विषयमा धारणा राखेका थिए । अन्तरक्रियामा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी, व्यापारी, कृषि व्यवसायी र सरोकारवाला सरकारी कार्यालयका प्रतिनिधि गरी २० जनाले जिज्ञासा राख्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासाको जवाफ निर्देशक गौतमका साथै उपनिर्देशक गिरीले दिनुभएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नुभएको थियो ।

*(जनकपुरबाट समाचार प्रतिनिधि रामकाजी खाइजुको सहयोगमा)*

# जनकपुरमा नोटकोष सम्बन्धी गोष्ठी

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका नोटकोष सञ्चालन गर्ने बैंकका कर्मचारीहरुको सहभागितामा पुस २६ गते कार्यालयको सभाहलमा नोटकोष कारोबार सञ्चालन सम्बन्धी गोष्ठी सम्पन्न गऱ्यो ।



कार्यालयका निर्देशक रामप्रसाद गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त गोष्ठीमा मन्तव्य व्यक्त गर्दै उहाँले नोटकोष कारोबार सञ्चालन अति संवेदनशील कार्य भएकोले यसको हरेक कार्य सम्पादनमा सजगता अपनाउनु अत्यावश्यक भएको धारणा राख्नुभयो । नोटकोष कारोबार सञ्चालनको अभिलेख चुस्त दुरुस्त रुपमा राख्नु पर्नेमा जोड दिँदै उहाँले सम्बन्धित कर्मचारीहरुलाई यसबारे अझ बढी सुसूचित गर्ने ध्येयले गोष्ठी आयोजना गरिएको चर्चा गर्नुभयो ।

गोष्ठीमा कार्यालयका उपनिर्देशक वासुदेव भट्टराईले नोटकोष कारोबार सञ्चालन सम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो । वार्ता प्रस्तुतिका क्रममा उहाँले नोटकोष कारोबारको अभिलेख सही रुपमा समयमै राख्नु पर्ने बताउँदै नोटकोष कारोबार सञ्चालन सम्बन्धी विनियमावलीमा भएका विविध व्यवस्था पालनामा ध्यान दिनुपर्ने बताउनु भयो ।

वार्ता प्रस्तुतिका क्रममा उठेका जिज्ञासाको जवाफ निर्देशक गौतम र उपनिर्देशक भट्टराईले दिनुभएको थियो । वार्ता प्रस्तुतिपछि सञ्चालन गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले नोटकोष कारोबार सञ्चालनका क्रममा आइपरेका विविध समस्याका बारेमा छलफल गरी समस्या समाधानको उपाय सुझाएका थिए ।

परिचयात्मक कार्यक्रमबाट सुरु गरिएको उक्त गोष्ठीको सञ्चालन कार्यालयका सहायक निर्देशक रामकाजी खाइजूले गर्नुभएको थियो । कार्यालयका सहायक निर्देशक रामविलास महतोले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीमा कार्यक्षेत्रभित्रका नोटकोष सञ्चालन गर्ने बैंकका २५ जना अधिकृत तथा कर्मचारीहरुको सहभागितामा रहेको थियो ।

# सूचनाको हक र व्यवहार सम्बन्धी कार्यक्रम

सूचना आयोगको अनुरोधमा नेपाल राष्ट्र बैंक धनगढी कार्यालयको सभाहलमा सूचनाको हकको सिद्धान्त र व्यवहार सम्बन्धी कार्यक्रम पौष २४ गते आयोजना गरियो । उक्त कार्यक्रमा सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले सूचनाको हकको सिद्धान्त र व्यवहारलाई समेटी प्रस्तुति दिनुभयो । सूचना आयोगका सचिव शंकरप्रसाद पाठकले सूचनाको हक सम्बन्धमा मन्तव्य दिनुभयो ।

धनगढी कार्यालयका सम्पूर्ण कर्मचारीको उपस्थिति रहेको उक्त कार्यक्रम का. मु. निर्देशक रमेश आचार्यले संचालन गर्नु भएको थियो ।

*(धनगढीबाट समाचार प्रतिनिधि पृथु शर्मा बिनाडीको सहयोगमा)*

# दोस्रो परिषद् बैठक सम्पन्न

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, सिद्धार्थनगर समितिको दोस्रो परिषद् बैठक पुस ७ गते सम्पन्न भयो ।

सो परिषद्को उद्घाटन समारोहमा केन्द्रीय समितिका अध्यक्ष ढुण्डीराज मिश्रले प्रमुख अतिथिका रुपमा बोल्दै व्यवस्थापन र संघबीचमा भइरहेका गतिविधिको बारेमा प्रकाश पार्नुभयो । सिद्धार्थनगर समितिका अध्यक्ष शंकरप्रसाद भट्टराईले कर्मचारीमा कामका आधारमा मूल्याङ्कन गर्ने परिपाटिको विकास हुन सकेमा संस्थाको विकास र उन्नति हुने तथा संस्थामा युनियनलाई तेस्रो आँखाको रुपमा लिएर सिस्टमको विकास गर्न सकेमा पटकपटक आन्दोलन गरिरहनु नपर्ने विचार राख्नुभयो ।

कार्यक्रमका विशेष अतिथि तथा सिद्धार्थनगर कार्यालयका का. मु. निर्देशक विज्ञानराज सुवेदी र अतिथि नेपाल वित्तीय संस्था कर्मचारी संघ सिद्धार्थनगर समितिका अध्यक्ष छविलाल घिमिरेले कार्यक्रमको सफलताको शुभकामना दिनुभयो ।

सिद्धार्थनगर समितिका उपाध्यक्ष सीता चौलागाईंले स्वागत मन्तव्य राख्नु भएको उद्घाटन समारोहमा नेपाल राष्ट्र बैंकका उपनिर्देशकद्वय सुबास आचार्य र ऋषिराम बराल, केन्द्रीय समितिका कोषाध्यक्ष पदमराज जोशी तथा सहकोषाध्यक्ष बबी के. सी. लगायत सिद्धार्थनगर कार्यालयका कर्मचारी सहित ५५ जनाको उपस्थिति रहेको थियो । समारोहको सञ्चालन सिद्धार्थनगर समितिका सचिव कृष्णप्रसाद भट्टराईले गर्नु भएको थियो ।

उद्घाटन समारोह पछि बन्द सत्र आयोजना गरिएको थियो । बन्द सत्रमा सिद्धार्थनगर समितिको सांगठनिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गर्ने लगायतका कार्यक्रमहरु रहेका थिए ।

*(सिद्धार्थनगरबाट समाचार प्रतिनिधि शंकरप्रसाद भट्टराईको सहयोगमा)*

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७९१८, ४२६८११६